फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, पर्वत

## कर्मचारी बैठक

मिति : २०७९/०४/०४

निर्णयहरु :

१. प्रचलित कानूनले तय गरेको समयसीमा भित्र सबै कर्मचारीहरुले गत आर्थिक वर्षको कार्यसम्पादन मूल्यांकन फाराम र सम्पत्ति विवरण भरी सम्वन्धित निकायमा बुझाउने ।

२. नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुबाट हुने सेवाप्रवाहलाई जनगुनासो नआउने प्रकारले अझै प्रभावकारी बनाउने ।

३. प्रत्येक शाखा र वडा कार्यालयहरुले गत आर्थिक वर्षको वार्षिक प्रगति विवरण तयार पारी यथासक्य छिटो पेश गर्ने ।

४. सबै शाखाहरुले चालु आर्थिक वर्षको वार्षिक विकास कार्यक्रमहरुको आधारमा वार्षिक कार्ययोजना/खरिद योजना तयार गरी कार्यालयमा पेश गर्ने ।

५. कार्यालय समय, पोशाक, विदा लगायतका विषयहरु समेत कर्मचारीले पालना गर्नुपर्ने आचरण/अनुशासनका विषयहरुलाई अझै प्रभावकारी रुपमा पालना तथा कार्यान्वयन गर्ने तथा गराउने

६. सबै शाखा तथा वडा कार्यालयहरुले आ-आफ्नो कार्यक्षेत्र भित्र परेका योजना/कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सोको अपनत्व लिने ।

७. सूचना प्रविधिको अधिकतम उपयोग गरी सबै कर्मचारीहरुले कार्य सम्पादनलाई छिटो छरितो, मितव्ययी र प्रभावकारी बनाउने ।

८. कर्मचारी-कर्मचारी बीच उच्च स्तरको हार्दिकता प्रदर्शन गर्ने, पदसोपान व्यवस्थित गर्ने, कार्यालयलाई Learning Institution को रुपमा परिणत गरी सेवा प्रवाह प्रभावकारी बनाउने ।

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

९. सेवाग्राहीको गुनासो तत्कालै सम्वोधन गर्ने, आम सर्वसाधारणको जन सन्तुष्टि अभिबृद्धि गर्ने, कार्य प्रक्रियामा एकरुपता कायम गरी स्थानीय सरकारको प्रभावकारिता बढाउने ।

१०. वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सबै कर्मचारीहरुले जनप्रतिनिधिहरु सँग उच्च स्तरको हार्दिकतापूर्ण सम्वन्ध कायम गर्ने, नीति योजना तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने ।

११. कार्यालयका सवारी साधनहरुको प्रभावकारी व्यवस्थापन गर्ने, इन्धन मर्मत जस्ता खरिदहरु नियन्त्रण गरी मितव्ययिता कायम गर्ने ।

१२. सार्वजनिक खरिद प्रक्रियालाई प्रभावकारी, जवाफदेही, मितव्ययी तथा पारदर्शी बनाउने । सार्वजनिक खरिदमा प्रचलित कानूनहरुको व्यवस्थालाई अक्षरसः पालना गर्ने ।

१३. कार्यालयबाट सम्पादन भएका/हुने काम कारवाहीलाई पारदर्शी बनाउने र सार्वजनिक महत्वका विषयहरु कार्यालयको वेवसाइटमा नियमित अपलोड गर्ने ।

१४ कार्यालयमा कार्यरत अधिकृत स्तरका कर्मचारीहरुले आफ्ना मातहतका कर्मचारीसँगको सहकार्य र समन्वयमा सम्वन्धित शाखाको जिम्मेवारीलाई प्रभावकारी तुल्याउने ।

१५. सबै शाखा प्रमुखहरुले आ-आफ्नो शाखाको काम कारवाहीको सम्वन्धमा नियमित रुपमा नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउने ।

१६. सबै कर्मचारीहरुको विद्यमान परिवेशमा सह-शासन, सह-निर्माण तथा सह-उत्पादनको प्रचलित प्रशासन संचालनको मूल मर्मलाई पालना गर्दै यस नगरपालिकाका निति कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, सेवा प्रवाह प्रभावकारी बनाउने, जन सन्तुष्टि आर्जन गर्ने र फलेवास नगरपालिकाको सरकारलाई सफल बनाउने ।

२०७९/०१/०४

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत